# ‘राधा’ उपन्यासको शैलीवैज्ञानिक अध्ययन

दर्ता
नं.१११


शोधार्थी

तारा खुलाल

क्याम्पस क्रमाङ्क र शैक्षिक वर्ष : २५ (२०६७/२०६८)

त्रि.वि. दर्ता नं. ९-१-२१४-४२५-२००४

दोस्रो वर्षको परीक्षा क्रमाङ्क : २१८००६१ (२०६८)


नेपाली शिक्षा विषयमा स्नातकोत्तर उपाधिका निमित्त प्रस्तुत शोधपत्र

शोधपत्र पेश गरेको मिति
वि.सं :२०७४ । ११ । १५
इ.सं. २७ फेब्रअरी


त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र सङ्काय
जनता बहुमुखी क्याम्पस
नेपाली शिक्षा विभाग
इटहरी, सुनसरी


शोधपत्र भाइभा भएको
मिति २०७४ । १२।२७
इ.सं.: १० अप्रिल २०१८

# जनता बहुमुखी क्याम्पस

इटहरी, सुनसरी

स्थापित : २०४५

।त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त।

व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र सङ्काय

०२५ - ५८१३००

५८००६४

प.सं.

च.नं.


मितिः २०७४।१२।२७

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभागअन्तर्गत एमएड दोस्रो वर्षको नेपाशि ५९८ पाठ्याशंको प्रयोजनार्थ यस विभागकी विद्यार्थी तारा खुलालले तयार पार्नुभएको **'राधा' उपन्यासको शैलीवैज्ञानिक अध्ययन** शीर्षकको शोधपत्र नेपाली शिक्षा विषयमा स्नातकोत्तर उपाधिका निमित्त उपयुक्त ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

## शोधपत्र मूल्याङ्कन समिति

| क्र.सं. | नाम/थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | मदनराज बराल | विभागीय प्रमुख | ...................... |
| २. | प्रा. शान्तिप्रसाद ढकाल | बाह्य परीक्षक | ........................ |
| ३. | नवीनकुमार शर्मा | शोधनिर्देशक | ........................ |

मिति : २०७४।१२।२७

ई.सं. १० अप्रिल ।२०१८

जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी
स्थापित : २०४५
।त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त।
व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र सङ्काय
०२५ - ५८१३००
५८००६४
प.सं.
च.नं.

मितिः २०७४/११/१५

## शोधनिर्देशकको सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षाशास्त्र सङ्काय अन्तर्गत नेपाली शिक्षा विभाग स्नातकोत्तर तह एम.एड. दोस्रो वर्षकी छात्रा तारा खुलालले नेपाशि ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **'राधा' उपन्यासको शैलीवैज्ञानिक अध्ययन** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार पारिएको यो शोधकार्य यथोचित देखिएकोले मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मितिः २०७४। ११ । १५
सन् : २७ फेब्रुअरी २०१८

नवीनकुमार शर्मा
.......................
शोध निर्देशक
नेपाली शिक्षा विभाग
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी

**प्रतिबद्धता-पत्र**

यस शोधकार्यमा कसैको सामग्री अनाधिकृत रूपमा प्रयोग गरिएको छैन । प्रस्तुत शोधपत्र अन्य कुनै पनि उपाधि वा प्रयोजनका लागि प्रस्तुत गरिएको पनि छैन । यस्तो गरिएको पाइएमा नियम अनुसार गरिने जुनसुकै किसिमको प्रक्रिया मेरा लागि मान्य हुने प्रतिबद्धता जाहेर गर्दछु ।

.........................

तारा खुलाल

शोधार्थी

मिति : २०७४। ११ ।१५

सन् : २७ फेब्रुअरी २०१८

## कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत जनता बहुमुखी क्याम्पस नेपाली शिक्षा विभाग स्नातकोत्तर तह दोस्रो वर्षको ५९८ पाठ्यांशको लागि मैले यो शोधपत्र प्रस्तुत गरेकी छु ।

प्रस्तुत शोधपत्रलाई यो स्वरूप ल्याउने क्रममा मैले जहाँ  जहाँबाट पथ र प्रेरणा लिएँ ती सबै गरुहरू, खास गरेर, विभागीय प्रमुख मदनराज बराल, शोध निर्देशक नवीनकुमार शर्माका साथै तीर्थराज भट्टराईमा श्रद्धा समर्पण गर्दछु । उक्त शोधपत्र तयारीका क्रममा मैले मेरा धेरै भन्दा धेरै आफन्त सहयोगीहरूको साथा, समर्पण, प्रेरणा र मित्रवत् सहयोग प्राप्त गरेकी छु । आफ्ना अनेकन समस्या र बाध्यतालाई पर पन्छाएर शोधपत्रको शीर्षक चयन, पत्रलेखनमा आवश्यक प्रेरणा, सुझाव, सहयोग र असल निर्देशन दिनुहुने मेरा शोधपत्र निर्देशक गुरु श्री नवीनकुमार शर्मा तथा जनता बहुमुखी क्याम्पस इटहरीका नेपाली भाषा शिक्षा विभागका सम्पूर्ण गुरुहरूप्रति पुनः हृदयतः आभार व्यक्त गर्दछु । यसका साथै मलाई यो शोध गर्न सहयोग र उत्प्रेरणा दिनुहुने मेरा श्रीमान् डम्बर कार्कीज्यूप्रति आभारी छु । यसका साथै शोधलेखनका लागि वातावरण मिलाइदिने भीमेश्वरी  आधारभूत विद्यालयका प्र.अ. हर्कराज प्रधान तथा विद्यालय परिवारलाई शतशः धन्यवाद छ ।

अन्त्यमा यस शोधपत्र निर्माणका क्रममा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने सम्पूर्ण व्यक्ति तथा कम्प्युटर टाइप तथा सेटिङ गरी सहयोग पुऱ्याउनुहुने आर.एस. ब्रदर्स बुक्स एण्ड स्टेशनरी, इटहरीप्रति हार्दिक कृतज्ञता प्रकट गर्दै यो शोधपत्र आवश्यक मूल्याङ्कनका लागि जनता बहुमुखी क्याम्पस नेपाली शिक्षा विभागको मूल्याङ्कन समिति समक्ष पेश गर्दछु ।

**शोधार्थी**

तारा खुलाल

मिति : २०७४/ ११ /१५

सन् : २७ फेब्रुअरी २०१८

# शोधसार


शोध शीर्षक : 'राधा' उपन्यासको शैलीवैज्ञानिक अध्ययन

यो शोध कृष्ण धराबासीबाट लिखित राधा उपन्यासको शैलीर्वज्ञानिक अध्ययनमा केन्द्रित रहेकाले यसले राधा उपन्यासका कथानक, पात्र, चयन, विचलन र समानान्तरता र चरित्रहरु केकस्ता छन् भन्ने कुरालाई शोधसमस्या मानेको छ।

शोधका निर्धारित समस्याको समाधान नै यस शोधको उद्देश्य रहेको छ। यसअनुसार'राधा' उपन्यासका कथानक, चरित्र, विभिन्न किसिमका चयन, विचलन, र समानान्तरताको शैलीवैज्ञानिक अध्ययन विश्लेषण गर्नु यस शोधको उद्देश्य भएको छ।
यसका लागि प्राथमिक स्रोतका रुपमा राधा उपन्यालाई लिइएको छ भने पूर्वकार्यको समीक्षाका लागि पहिले भएका शैलीविज्ञान सम्बन्धी शोधलाई पुस्तकालयीय विधिमा उपयोग गरिएको छ। यसै गरी सैद्धान्तिक आधारको निर्माणमा मोहनराज शर्माको समकालीन समालोचना सिद्धान्त र प्रयोग भन्ने पुस्तक तथा अन्य सान्दर्भिक सामग्रीहरुको प्रयोग गरिएको छ। यसरी प्राथमिक र द्वितीयक दुवै स्रोतका आधारमा यो शोध तयार गरिएको छ।

निष्कर्षमा यस उपन्यासमा पुराणमा आधारित पात्र, घटना, परिवेश, भूगोल र समयकै वरिपरि भएर कथानकको निर्माण भएको छ। उपन्यासमा पुराणसँग मिल्दाजुल्दा धेरै कुराहरू छन्। यसै गरी किचकवधको उत्खनन सम्बन्धी विस्तृत विवरण यस उपन्यासमा देखिन्छ।
त्यसै गरी यस अध्ययनको क्रममा शब्दचयनका आधारमा यस उपन्यासमा तत्सम, तद्भव र आगन्तुक तिनै स्रोतका आधारमा शब्दहरूको चयन पाइएको छ। यस उपन्यासमा नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियाविशेषण, नामयोगी, संयोजक र निपातका आधारमा शब्दचयन गरिएको देखिन्छ। उपन्यासको भाषाशैलीमा ध्वनितात्त्विक व्याकरणिक, अर्थतात्त्विक र सादृश्यगत र आन्तरिक एवं बाह्य समानान्तरता पाइएको छ।
यो शोध जम्मा पाँच अध्यायमा सङ्गठित छ। पहिला अध्यायमा शोधको परिचय, दोस्रा अध्यायमा पूर्वकार्यको समीक्षा, तेस्रा अध्यायमा अध्ययनको संरचना, चौथा अध्यायमा राधा उपन्यासका कथानक र पात्रको अध्ययन र अन्तिम पाँचौं अध्यायमा निष्कर्ष गरेर यस शोधलाई सङ्गठित गरिएको छ।

# विषयसूची


| विषय | पृष्ठ |
|---|---|
| **अध्याय एक : शोधको परिचय** | **१-४** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याकथन | २ |
| १.३ अध्ययनका उद्देश्यहरू | २ |
| १.४ अध्ययनको औचित्य र महत्त्व | ३ |
| १.५ अध्ययनको सीमाङ्कन | ३ |
| १.६ अध्ययनको रूपरेखा | ४ |
| **अध्याय दुई : पूर्वकार्यको समीक्षा** | **५-२३** |
| २.१ परिचय | ५ |
| २.२ पूर्वकार्यको उपयोगिता | ७ |
| २.३ सैद्धान्तिक अध्ययन | ८ |
| २.३.१ परिचय | ८ |
| २.३.२ शैलीको परिचय | १० |
| २.३.३ शैली विज्ञानको परिचय | ११ |
| २.३.४ शैली विज्ञानको सैद्धान्तिक स्वरूप | १२ |
| २.३.५ शैलीवैज्ञानिक समालोचनाका तह | १३ |
| २.३.६ कृति विश्लेषणको शैली वैज्ञानिक आधार | १४ |
| २.३.७ साहित्यिक संरचना | १५ |
| २.३.८ भाषिक संरचना | १६ |
| २.३.९ शैली | १७ |
| २.३.१० शैली चिह्न | २३ |
| **अध्याय तीन : अध्ययनको संरचना** | **२४-२५** |
| ३.१ अनुसन्धानात्मक ढाँचा | २४ |
| ३.२ तथ्याङ्क सङ्कलनका स्रोत | २४ |
| ३.३ तथ्याङ्क सङ्कलनका साधन | २४ |
| ३.४ तथ्याङ्क संकलन विधि | २५ |

३.५ तथ्याङ्क विश्लेषण विधि २५

**अध्याय चार : कथानक र पात्रका आधारमा 'राधा' उपन्यास** **२६-५५**

४.१ कथानक २५

४.१.१ अध्ययन विभाजन र कथानक २७

४.१.२ राधा उपन्यासको कथानकन २७

४.१.३ कथानक तथ्याङ्कका आधारमा 'राधा' उपन्यासको विश्लेषण ३२

४.२ 'राधा' उपन्यासको चरित्र विश्लेषण ३८

४.२.१ पात्र वर्गीकरणको आधार ३८

४.२.२ 'राधा' मा पात्रहरूको शैली वैज्ञानिक विश्लेषण ४०

४.३ भाषागत आधारमा 'राधा' उपन्यासको शैली वैज्ञानिक विश्लेषण ४५

४.३.१ चयन ४६

**अध्याय पाँच : निष्कर्ष तथा उपसंहार** **५६-६२**

५.१ सांराश ५६

५.२ निष्कर्ष ५६

५.३ उपयोगिता ६२

५.३.१ भावी अनुसन्धान पक्ष ६२

सन्दर्भ सामग्रीसूची